नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
स्याङ्जा
प्रशासन फाँट

०६३-४२०१३३
फोन नं. ०६३-४२०२१०
फ्याक्स: ०६३-४२०२११
गण्डकी अञ्चल, नेपाल

पत्र संख्या :- ०७१ ०७२
चलानी नं.:- २१२३
प्राप्त पत्र संख्या र मिति :-

मिति: २०७१/६/२४

**विषय: प्रधानमन्त्री दैवी प्रकोप कोषबाट रकम माग गर्ने सम्बन्धमा ।**

*श्री वालिङ्ग नगरपालीका*
*स्याङ्जा ।*

उपर्युक्त विषयमा प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय आर्थिक प्रशासन शाखाको च.नं. ३२/०७१/७२/१३९३ मिति २०७१/६/१ को प्राप्त बुँदा नं. ७ मा विभिन्न जिल्ला स्थित जिल्ला दैवी उद्धार कोषबाट सिंचाई कुलो, खानेपानी मुहान, पाइपलाइन, नहर, सडक एव अन्य भौतिक संरचनाहरुको मर्मत संभार, पुनस्थापना एवं पुननिर्माणको काम गर्न यस कोषमा बजेट माग गर्ने, सिफारिस गर्ने क्रम बढ्दै गएको पाइएकोले तत्काल मानवीय क्षति भएको वा हुने सम्भावना रहेको र प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष संचालन नियमानवली २०६३ (संसोधन सहित) को नियम ४ मा उल्लेख भएका तत्काल राहतका कार्यहरु गर्न मात्र रकम माग गर्ने र नियमित मर्मत संभार गर्नु पर्ने काम पुनस्थापना एवं पुननिर्माण गर्ने कामहरु सम्बन्धित लाइन एजेन्सिहरु मार्फत नियमित बजेट विनियोजनबाट अथवा उल्लेखित कार्य गर्न रकम नपुग हुने वा बजेट विनियोजन नै नभएको अवस्थामा सम्बन्धित लाइन एजेन्सिहरुले नै तालुक विभाग मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा थप बजेट माग गरि गराई कार्य गर्नका लागि श्री गृह मन्तालयलाई ७५ जिल्लाका जिल्ला प्रशासन कार्यालयलाई निर्देशन पठाउन अनुरोध गर्ने भनि लेखि आएको हुँदा त्यहाँ कार्यालय अन्तर्गतका जिल्ला प्रशासन कार्यालयहरुलाई उपरोक्त अनुसार गर्नु गराउनुहुन निर्देशनको लागी आदेशानुसारको अनुरोध छ भनि गृह मन्त्रालय, विपद् जोखिम न्यूनीकरण तथा पुर्नलाभ शाखाको च.नं. १२६ मिति २०७१/६/१ को पत्रबाट लेखी आएको ले सो अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ भनि क्षेत्रीय प्रशासन कार्यालय को च.नं. २८१ मिति २०७१ /०६/२३ को पत्रबाट लेखी आएकोले सो अनुसार गर्नुहुन आदेशानुसार अनुरोध छ ।

०७१।६।२४
भरतप्रसाद लुईटेल
प्रशासकीय अधिकृ

D:2071 letter to office.doc